# नमुना (पाइलट) जनगणना २०७६

## नेपाल सरकार

## राष्ट्रिय योजना आयोग

# केन्द्रीय तथ्याङ्क विभागको

# अनुरोध-पत्र

मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

**आदरणीय उत्तरदाता तथा अन्य महानुभावहरु,**

नेपालमा प्रत्येक दश दश वर्षको अन्तरालमा जनगणना सञ्चालन हुँदै आईरहेको परिप्रेक्ष्यमा बाह्रौं राष्ट्रिय जनगणना वि.स. २०७८ को जेष्ठ-आषाढ महिनामा संचालन हुँदैछ । जनगणना देशभरका हरेक स्थानमा एकैपल्ट सञ्चालन गरिने बृहत राष्ट्रिय कार्यक्रम हो । जनगणनाका सबै व्यवस्थापकीय तथा प्राविधिक पक्षको परिक्षण गर्नको लागि नमुना (पाइलट) जनगणना कार्य आगामी २०७६ साल चैत्र ९ देखि २३ गते सम्म यस वडामा गर्न लागिएको छ ।

यस गणनामा देशभित्रका छनौट भएका वडाका टोल तथा बस्तीमा अक्सर बसोबास गरिरहेका प्रत्येक व्यक्तिको नाम, थर, उमेर, लिङ्ग, जातजाति, भाषा, धर्म, शिक्षा, वैवाहिक स्थिति, अपाङ्गता आदि जनसांख्यिक तथा सामाजिक विवरणका अतिरिक्त व्यक्तिको पेशा तथा रोजगारी सम्बन्धी आर्थिक विवरणहरु संकलन गरिन्छ । प्रश्नावलीमा भएका विवरण संकलन गर्न गणकलाई करिव २० मिनेट जति सयम लाग्नेछ । तपाईले दिनु भएको २० मिनेटले नमुना (पाइलट) जनगणनाको उद्देश्य सफल भई २०७८ सालमा गरिने जनगणनालाई सफलतापूर्वक सञ्चालन गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ । राष्ट्रिय जनगणनाबाट प्राप्त तथ्याङ्कले संवैधानिक व्यवस्थाको कार्यान्वयन, मौलिक हकको कार्यान्वय र मूल्यांकन, नीति, योजना तथा कार्यक्रम तर्जुमा लगायत सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन गर्न मद्दत पुग्नेछ ।

गणक तपाईको घरदैलोमा आउने समयमा यहाँको उपस्थिती, सहभागिता तथा सहयोगको लागि नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभाग हार्दिक अनुरोध गर्दछ ।

**तपाईको घर परिवारमा गणक आउने समय**
**२०७६ चैत्र ........देखि गते ....................भित्र**